मिति २०८१।९।२४ को ११औं नगरसभाको निर्णय

प्रस्तावहरुः

१. बजेट योजना तथा कार्यक्रम संशोधन ।
२. ऐन नियम कार्यविधि पारित तथा शंशोधन ।
३. विषयगत समितिहरुको प्रतिवेदन पारित सम्वन्धमा ।
४. शाखागत प्रस्ताव पारित सम्वन्धमा ।
५. स्वास्थ्य बीमा सम्वन्धमा ।
६. हरित तथा स्वच्छ विद्यालय प्रारुप स्वीकृत सम्वन्धमा ।
७. भुक्तानी सम्वन्धमा ।
८. DPR गर्न बजेट सम्वन्धमा
९. रकमान्तर सम्वन्धमा ।
१०.औषधि खरिद सम्वन्धमा ।
११.नगर विकास कोषको साँवा व्याज भुक्तांनी सम्वन्धमा ।
१२.दररेट स्वीकृत सम्वन्धमा ।
१३.ज्यालादारी कामकाज सम्वन्धमा ।
१४.अनुदान निकासा सम्वन्धमा ।
१५.तारेख पेशी प्रतिनिधित्व सम्वन्धमा ।

मिति २०८१।९।२४ को ११औं नगरसभाको निर्णय

निर्णय नं १

कागेश्वरी मनोहरा नगरपालिका नगरकार्यपालिकावाट स्वीकृत भई पारितको लागि नगर सभाको एघारौं अधिवेशनमा संशोधनको लागि पेश भएको देहाय अनुसारको विनियोजन ऐन २०८१ पहिलो संशोधन, र आर्थिक ऐन २०८१ पहिलो संशोधन र नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०७६ दोश्रो संशोधन सर्वसम्मतले पारित गरियो ।

## कागेश्वरी मनोहरा नगरपालिकाको बिनियोजन ऐन, २०८१ संशोधन गर्न बनेको विधेयक, २०८१

आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यका लागि कागेश्वरी मनोहरा नगरपालिकाको सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (विनियोजन ऐन, २०८१) लाई संशोधन गर्न बनेको विधेयक, २०८१

**प्रस्तावनाः** आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यका लागि कागेश्वरी मनोहरा नगरपालिकाको सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन नगर सभाले बनाएको विनियोजन ऐन, २०८१ मा भएका व्यवस्थालाई केही संशोधन गर्नु पर्ने भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम कागेश्वरी मनोहरा नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अन्य अर्थ नलागेमा, यस ऐनमा,

(क) "मूल ऐन" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको विनियोजन ऐन, २०८१ लाई बुझाउनेछ ।

**३. श्रोत अनुमान संशोधनः** आर्थिक वर्ष २०८१।८२ को श्रोत अनुमानको संशोधित विवरण अनुसूची - १ बमोजिम संशोधन गरिएको छ ।

**४. रकमान्तरः** आर्थिक वर्ष २०८१।८२ मा संचालित कार्यक्रम र आयोजनाको रकमान्तर अनुसूची - २ बमोजिम गरिएको छ ।



राजेन्द्र कार्की
नगर प्रमुख

मिति २०८१।९।२४ को ११औं नगरसभाको निर्णय

निर्णय नं ११

कागेश्वरी मनोहरा नगरपालिका अन्तरगत रहेको नगर अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा अति आवश्यक देहाय बमोजिमका औषधिहरु खरिद गर्न कार्यपालिकालाई स्वीकृति प्रदान गर्ने ।

१. Amlod 500 mg

२. Metformin 500 mg

निर्णय नं १२

कागेश्वरी मनोहरा नगरपालिका र नगर विकास कोष काठमाडौं बिच नगरपालिकाको बहुउद्देश्यीय कार्यालय भवन नि[illegible]ा लागि ऋण मागको प्रारम्भिक प्रस्ताव अनुसार भवनको भुइँ तल्ला र पहिलो तल्ला व्यवसायिक प्रयोजनका लागि भाडामा प्रयोग गर्ने र सोही प्रस्ताव अनुसार मिति २०८०/०५/०७ मा सम्पन्न नगर कार्यपालिका बैठकले समेत दोस्रो तल्ला समेत व्यवसायिक भाडाका लागि प्रयोग गर्ने निर्णय गरेको थियो तर भवन निर्माण सम्पन्न पश्चात साविकमा प्रयोग गरिएको पुरानो भवनमा नगरपालिकाको शाखाहरु राख्दा प्रशासनिक कार्यसञ्चालनमा कठिनाइ उत्पन्न भएकोले बहुउद्देश्यीय कार्यालय भवनको दोस्रो तल्ला र पहिलो तल्लाको केही भाग प्रशासनिक कार्यको लागि प्रयोग गर्ने र नगर विकास कोषबाट प्राप्त ऋणको साँवा तथा व्याज भुक्तानी गर्नका लागि देहाय अनुसारको व्यवस्था गर्ने ।

क. हाल निर्माण सम्पन्न भएको नयाँ भवनको भुइँ तल्ला, कोर्टयार्ड क्षेत्र, कन्फरेन्स हल तथा क्यान्टिनलाइ व्यवसायिक प्रयोजनका लागि भाडामा दिने सो भाडाबाट प्राप्त हुने आम्दानी र पुरानो भवनलाई भाडामा दिई प्राप्त हुने आम्दानी समेत कोषबाट प्राप्त भएको ऋणको साँवा तथा व्याज भुक्तानीमा खर्च गर्ने ।

ख. माथि उल्लेखित स्रोतबाट ऋण भुक्तानीका लागि पर्याप्त रकम जुट्न नसकेमा अपुग रकम नगरपालिकाको आन्तरिक आम्दानीबाट वार्षिक बजेटमार्फत विनियोजन गरी भुक्तानी गर्ने ।

निर्णय नं १३

आ.ब. ०८१।८२ मा डिप ट्युवेल वोरिङ ड्रिलिङ सम्वन्धि कार्य गर्नको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागको स्वीकृत नर्म्स अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको लागि तयार गरिएको दररेट विश्लेषण लाई स्वीकृत गर्ने ।